**UNITED NATIONS MISSION IN NEPAL**

**नेपालस्थित संयुक्त राष्ट्रसंघीय मिसन**

**UNMIN**

**मस्यौदा**

**संयुक्त राष्ट्रसंघीय महासचिवको नेपालस्थित विशेष प्रतिनिधि तथा अन्मिन प्रमुख इयान मार्टिनको**

**प्रेस विज्ञप्ति**

**फाल्गुण ११, २०६३ (फरवरी २३ २००७)**

नेपालस्थित संयुक्त राष्ट्रसंघीय मिशन (अन्मिन) ले माओवादी सेना बस्ने अस्थायी शिविरहरूमा लडाकू तथा हतियार दर्ता गर्ने पहिलो चरण फाल्गुण ५, २०६३ (फरबरी १७, २००७) मा सम्पन्न गर्‍यो । आज म यस प्रकृयाको साथै हामीले चाल्ने आगामी कदमहरूको व्याख्या गर्ने काममा केन्द्रित हुनेछु । यसअतिरिक्त मैले अन्मिनले पाएको आदेश पूर्तिका सिलसिलामा गर्ने अन्य कृयाकलापबारे अद्यावधिक जानकारी गराउनेछु । खासगरी संविधान सभाको निर्वाचनसम्बन्धी तयारीका लागि निर्वाचन आयोगलाई प्रदान गरिने सहयोगबारे चर्चा गर्नेछु ।

लडाकू तथा हतियारहरूको दर्ता प्रकृयाका तीन चरणसम्बन्धी प्रतिवेदनहरू विभिन्न दलका वरिष्ठ प्रतिनिधिहरू तथा संयुक्त अनुगमन समन्वय समिति (जेएमसीसी) लाई दिइसकेको छ । यसअन्तरगत हरेक चरणमा दर्ता भएका लडाकूहरूको संख्या तथा हतियारहरूको किसिम र संख्याबारे जानकारी गराइएको छ । अन्मिनले हिजो मात्रै थप प्रतिवेदन दलहरूलाई प्रदान गरेकोमा त्यसका अधिकाँश कुरा म अहिले सार्वजनिक गर्दैछु ।

तर माओवादीहरूको हतियार दर्ता प्रकृया अझ पूरा भएको छैन । हतियार तथा सेनाहरूको व्यवस्थापनसम्बन्धी अनुगमन गर्ने सहमति (४.१.२) अनुसार, “नेकपा (माओवादी) का नेताहरूको सुरक्षा व्यवस्था सरकारसँगको समझदारीमा मिलाइनेछ ।” अन्मिनले दलहरूलाई यस्तो समझदारीमा पुग्न आग्रह गरेको छ जसबारे सम्वाद चलिरहेको भए पनि पूर्ण भएको छैन । अन्मिनले हालसम्म नेकपा (माओवादी) द्वारा नेताहरूको व्यक्तिगत सुरक्षाका लागि अस्थायी शिविरहरूबाहिर राखिएका केही हतियारहरू मात्र दर्ता गरेको छ । बाँकी हतियारको दर्ता गर्ने काम भोलि जारी राख्ने व्यवस्था मिलाइएको छ ।

सात प्रमुख अस्थायी शिविरहरूमा दर्ता भएका माओवादी सैन्य लडाकूहरूको कुल संख्या ३०,८५२ रहेको छ । यसअन्तरगत सम्बन्धित स्याटलाइट अस्थायी शिविरका सैन्य लडाकूहरू पनि समावेश छन् । अन्मिन हाल नेतृत्व

UN House, GPO Box 107, Pulchowk, Kathmandu, Nepal,
Tel: + 977-1-5010036/37/38
Fax: +977-1-5010040

वर्गको सुरक्षामा संलग्न अथवा अस्थायी शिविरबाहिर उपचार गराइरहेका माओवादी सेनाका सदस्यहरूको दर्ता गर्ने प्रकृयामा लागेको छ । पहिलो चरणअन्तरगत हरेक लडाकूका बारेमा संक्षिप्त विवरण अभिलेख गरिएको भए पनि तिनको प्रमाणीकरण गर्न भने बाँकी छ । हरेक लडाकूको तस्वीर लिई तिनलाई संयुक्त राष्ट्रसंघीय बार कोडसहितको परिचय पत्र प्रदान गरिएको छ । दर्ता प्रकृयाको दोस्रो चरणमा व्यक्तिगत अन्तरवार्तामार्फत तिनको विस्तृत विवरण संकलन गरिनेछ । दोस्रो चरणको प्रकृयासम्बन्धी पूर्ण कार्यप्रणालीहरूबारे चैत्र महिनाको शुरूमा ( मध्य मार्चमा) जेएमसीसीसँग छलफल हुने आशा गरिएको छ । माओवादी सेनासँगसम्बन्धित युद्धविराम आचारसंहिताअनुसार कम उमेरका तथा अन्य व्यक्तिहरूको समेत दर्ता भएको सम्बन्धमा प्रकट भएका निरन्तर चिन्ताका सम्बन्धमा हतियार तथा सेनाहरूको व्यवस्थापनसम्बन्धी अनुगमन गर्ने सहमति (४.१.३) अन्तरगत निर्दिष्ट भएका कुराहरूको पूर्ण पालना भएको सुनिश्चित गर्ने विशेष प्रयास गरिनेछ । यसअनुसार १२ जेष्ठ २०४५ (२५ मई १९८८) पश्चात जन्मेका कुनै पनि लडाकूलाई ससम्मान र स्वतः रद्द गरिनेछ र ११ जेष्ठ २०६३ (२५ मई २००६) भन्दा अघि माओवादी सेनाका सदस्य रहेका व्यक्तिहरूलाई मात्र अस्थायी शिविरमा राख्न योग्य ठानिनेछ ।

हालसम्म दर्ता भएको हतियार संख्या ३,४२८ रहेको छ । हतियारका किसिम यसप्रकार छन्: ९१ क्षेप्यास्त्र (तीमध्ये ५५ स्थानीय रूपमा बनाइएका हुन्); ६१ मेशीनगन; २,४०३ राइफल; ६१ स्वचालित हतियार (सहायक मेशीनगन); ११४ बोक्ने हतियार; २१२ शटगन; २५३ अन्यखाले हतियार; तथा २३३ घरेलु हतियारहरू हुन् । यसमा शिविर परिधिको सुरक्षा गर्न तोकिएका गार्डहरूले प्रयोग गर्ने ५२४ हतियार पनि पर्छन् र त्यो व्यवस्था हतियार तथा सेनाहरूको व्यवस्थापनसम्बन्धी अनुगमन गर्ने सहमति (४.१.२) का आधारमा गरिएको हो । साथै नेताहरूको सुरक्षा व्यवस्थाका लागि सरकारसँग समझदारी गरिने भनी हालसम्म शिविरबाहिरै राखिएका ४९ हतियार पनि यसमा समावेश छन् ।

अन्मिनले दर्ता गरेका हतियारहरूको संख्या माओवादी सेनाले राखेका कुल हतियार संख्या बराबर छ छैन भन्ने स्थिति हाल नरहेको र पछि पनि नरहने कुरा अवगत गराउन चाहन्छु । नेपाली सेनाले अन्मिनलाई ३,४३० हतियारहरूको वर्गीकरण गरी अन्मिनलाई जानकारी गराएको छ । नेपाली सेनाका अनुसार ती हतियारहरू नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलबाट लिइएका हुन् । नेपाली सेनाबाट सूचीवद्ध गरिएका हतियारका किसिम तथा दर्ता भएका हतियारहरूमा निकै समानता रहेको छ । जेएमसीसीले यी सूचीहरू दाँजी आफ्ना निर्क्यौलहरू सम्बन्धित पक्षहरूलाई

जानकारी गराउन सहमति जनाएको छ । अन्मिन भने नेकपा (माओवादी) का तर्फबाट खरीद भएका हतियारहरूका सम्बन्धमा आएका समाचारहरूको पुष्टि अथवा खण्डन गर्ने अवस्थामा छैन । तथापि दर्ता भएका हतियारहरूमा राज्यका सुरक्षाबलहरूभन्दा फरक हतियार पनि छन् । जस्तै एके-४७ हरू ती हतियारमा देखिएका छन् । नेकपा (माओवादी) द्वारा हतियार तथा सेनाहरूको व्यवस्थापनसम्बन्धी अनुगमन गर्ने सहमतिको उल्लंघन गरी हतियार राख्ने काम जारी रहेको आरोप अथवा समाचारका सम्बन्धमा संयुक्त राष्ट्रसंघीय हतियार अनुगमनकर्ताहरुबाट छानबिन गरिनेछ । साथै संयुक्त अनुगमन टोलीहरुले त्यस कार्यको छानबिन गर्नेछन् । तिनमा एकजना संयुक्त राष्ट्रसंघीय अनुगमनकर्ताले टोली नेताको रुपमा काम गर्नेछ भने नेपाल सेना र माओवादी सेनाका एकजना अनुगमनकर्ता रहने छन् ।

सातवटै माओवादी हतियार भण्डारण गर्ने प्रमुख अस्थायी शिविरहरुमा भण्डारण गरिएका हतियार तथा बन्दोवस्तीहरुलाई भण्डारण गर्ने कन्टेनरहरुमा ताल्चा मारिराखिएको छ । तिनमा सुरक्षित भण्डारण तथा सजिलो नियन्त्रणका लागि दराजहरु र पूर्ण सूची राखिएको छ । हतियार तथा सेनाहरूको व्यवस्थापनसम्बन्धी अनुगमन गर्ने सहमति (४.१.२) मा उल्लेख भएअनुसार अन्मिनले प्रदान गरेको ताल्चाले भण्डारण गरिने हरेक कन्टेनरको सुरक्षा गर्दछ भने त्यसको साँचो प्रमुख अस्थायी शिविरमा नियुक्त कमाण्डरसँग रहने गरेको छ । संयुक्त राष्ट्रसंघीय अनुगमनकर्ताहरुले माओवादी सैन्य प्रतिनिधिको रोहवरमा हतियार भण्डारण गरिने क्षेत्र तथा कन्टेनरहरुको निरीक्षण गर्छन् । संयुक्त राष्ट्रसंघीय अनुगमनकर्ताहरु तथा अन्तरीम कार्यदलका सदस्यहरु हतियार कन्टेनरहरुसँगै सातवटै शिविरहरुमा बसेका छन् र ती शिविरको २४ सै घण्टा निगरानी गरिएको छ ।

सरकारले सातवटै शिविरहरुमा अहिलेसम्म हतियार भण्डारण गर्ने क्षेत्रवरिपरि ठोस छेकबार राख्ने व्यवस्था मिलाइसकेको छैन । साथै यसले ताल्चासहितको ढोका र छेकबारमा प्रतिबन्धित क्षेत्र देखाउने प्रष्ट चिन्हहरु राख्ने व्यवस्था पनि मिलाइसकेको छैन । अन्मिनले तेस्रो अस्थायी शिविर (चितवन) मा २४ सै घण्टा निगरानी गर्ने क्यामेरा, फ्लडलाइट, निरीक्षण भएको अभिलेख राख्ने उपकरण तथा साइरनहरुमा जोडिएको अलार्म प्रणाली जडान गरिसकेको छ । यसले ती सबै प्रणाली बाँकी छवटै शिविरिहरुमा सक्दो चाँडो जडान गरिसक्ने अपेक्षा गरेको छ ।

हतियार तथा सेनाहरूको व्यवस्थापनसम्बन्धी अनुगमन गर्ने सहमति (४.१.३) ले उल्लेख गरेअनुसार समान अनुगमन व्यवस्थाअनुरुप नेपाली सेनाले माओवादी सेनाले भण्डारण गरेका हतियार संख्याकै हाराहारीमा आफ्ना हतियारहरु भण्डारण गर्नेछ । जेएमसीसीमार्फत नेपाली सेनाले माओवादी सेनाहरुले भण्डारण गरेका हतियारहरुको

विवरणहरुको अध्ययन गरिरहेको छ । यसले सोही किसिमका आफ्ना हतियार भण्डारण गर्ने प्रस्ताव राखेको छ । नेपाली सेनाद्वारा हतियार तथा सेनाहरूको व्यवस्थापनसम्बन्धी अनुगमन गर्ने सहमतिको उल्लंघन गरी हतियार प्रयोग गर्ने काम जारी रहेको आरोप अथवा समाचारका सम्बन्धमा संयुक्त राष्ट्रसंघीय हतियार अनुगमनकर्ताहरुबाट छानबिन गरिनेछ । साथै संयुक्त अनुगमन टोलीहरुले त्यस कार्यको छानबिन गर्नेछन् । तिनमा एकजना संयुक्त राष्ट्रसंघीय अनुगमनकर्ताले टोली नेताको रुपमा काम गर्नेछ भने नेपाली सेना र माओवादी सेनाका एकजना अनुगमनकर्ता रहने छन् ।

हालै दर्ता भइसकेका केही माओवादी सैन्य लडाकूहरुले अस्थायी शिविरहरु छाडिसकेका अथवा छाड्ने धम्की दिएका छन् । त्यस सम्बन्धमा तिनका कमाण्डरहरुले तिनीहरु काम अथवा खाना खोज्न गएका भनी जिकिर गरिएको छ । अस्थायी शिविरहरुमा हतियार भण्डारण तथा परिसर सुरक्षा गर्ने व्यवस्थाहरु दुरुस्तै भए पनि यस घटनाले गम्भीर चिन्ता उत्पन्न गरेको छः यस्ता कृयाकलापले हतियार तथा सेनाहरूको व्यवस्थापनसम्बन्धी अनुगमन गर्ने सहमतिको प्रष्ट उल्लंघन गरेका छन् । अन्मिनले अस्थायी शिविरहरुमा विद्यमान अवस्थाहरुबारे सम्बन्धित पक्षहरुलाई जानकारी गराउँदै तिनको सुधार गर्नेतर्फ तत्काल कदम चाल्नेतर्फ सहयोग गर्न आग्रह गर्दछ । संयुक्त राष्ट्रसंघ आग्रह भएअनुसारको सहयोग गर्न तत्पर रहेको छ ।

शान्ति प्रकृयाको बाटोमा अन्मिनका अन्य कृयाकलाप उत्तरोत्तर प्रगति गरिरहेको अवगत गराउन पाउँदा मलाई खुसी लागेको छ । अहिले राष्ट्रमा अन्मिनका ७० जना हतियार अनुगमनकर्ताहरु छन् । साथै यसका बाईस जना निर्वाचन सल्लाहकारहरु छन् । उनीहरु विभिन्न कृयाकलापमा संलग्न छन् । जस्तै उनीहरु निर्वाचन आयोगलाई निर्वाचन प्रणालीका विकल्पहरु रोज्ने सम्बन्धमा प्राविधिक सल्लाह प्रदान गर्ने, मतदाता शिक्षाको योजना तर्जुमा गर्न प्राविधिकि सहयोग प्रदान गर्ने तथा आयोगलाई प्राप्त हुने दाता सहयोगमा समन्वय गर्न सहयोग प्रदान गर्ने गरेका छन् ।

अहिले अन्मिनका दुई हेलिकप्टर संचालनमा छन् । भारत सरकारका तर्फबाट भारतीय राजदूतबाट मलाई औपचारिक रुपमा भर्खरै प्राप्त गाडीहरुको आपूर्तिबाट हाम्रो कार्यक्रमको लजिष्टिक निकै बढेको छ । यसको विशेष महत्व छ किनभने अन्मिन नेपालका विभिन्न क्षेत्र तथा जिल्लामा सक्दो गतिशील रहनु आवश्यक छ ।

कुरा टुङ्ग्याउनुअघि म संक्षेपमा शान्ति प्रकृयामा संलग्न पक्ष तथा नेपाली जनताले हाल भोगिरहेका चुनौतीहरुबारे प्रकाश पार्न चाहन्छु । मैले विभिन्न अवसरमा भनेअनुसार कुनै पनि शान्ति प्रकृयामा उतारचढाव हुन सक्छन् । शान्ति

प्रकृयामा संलग्न पक्षहरुले कठिन चुनौतीहरुको सामना गर्नु पर्ने हुन्छ । हामीले उक्त कुरा अहिले नेपालमा देख्यौं । यसै साता माओवादी लडाकूहरु तथा अस्थायी शिविरमा व्याप्त अवस्थाहरु देख्यौं । साथै नेपाली जनताका विभिन्न समूहका सरोकारहरुलाई सम्बोधन गर्ने महान चुनौतीको पनि सामना गर्यौं । उनीहरु यस परिवर्तनमा पूर्ण सहभागी हुन पाउन् भनी सुनिश्चित गर्न शान्ति प्रकृयामा संलग्न पक्षहरुले हरेक चरणमा आ-आफ्ना प्रतिवद्धता पूरा गर्नु आवश्यक छ । साथै समस्त नेपाली जनताले यस प्रकृयामा शान्तिपूर्वक सहभागी हसन पाउनु पनि आवश्यक छ । सफल शान्ति प्रकृया सम्पन्न गर्ने दिशामा संवाद तथा समावेशीकरण आवश्यक उपकरण हुन् जसअन्तरगत मतभिन्नताहरुलाई शान्तिपूवर्क समाधान गरी सहमतिमा पुग्न सकिन्छ । अप्ठेराहरु तेर्सिइरहने छन् तर तिनलाई सद्भाव तथा प्रतिवद्धताबाट समाधान गर्न सकिन्छ । अन्मिन नेपाली शाीन्त प्रकृयामा संयुक्त राष्ट्रसंघका तर्फबाट सहयोग गर्न तत्पर छ र म फेरि पनि यस कार्यमा आफ्नो कार्यालयले प्रयास गरिरहने वाचा गर्दछु ।